Phone: 011-499451
Fax: 011-499267

"पाँचखाल नगर-कृषि शहर"
"Panchkhal Municipal Agriculture City"

# पाँचखाल नगरपालिका
## Panchkhal Municipality
# नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

पाँचखाल, काभ्रेपलाञ्चोक
(Panchkhal, Kavrepalanchok)
बागमती प्रदेश, नेपाल
(Bagmati Province, Nepal)

प.सं.(*Ref.*): ०७९।८०
च.नं.(*Ch.No.*): ६१२
मिति: २०७९।०६।०४

श्री सबै वडा कार्यालय,
पाँचखाल नगरपालिका, काभ्रेपलाञ्चोक ।

**विषय: लाभग्राही परिचयपत्र नवीकरण सम्बन्धमा।**

प्रस्तुत विषयको सन्दर्भमा चालु आ.वको प्रथम त्रैमासिकको सामाजिक सुरक्षा भत्ता रकम मिति २०७९ भाद्र मसान्त सम्ममा लाभग्राही परिचयपत्र नवीकरण गराउनुहुने लाभग्राहीहरुको मात्र सामाजिक सुरक्षा भत्ता रकम नजिकै आउँदै गरेको नेपालीहरुको महान चाड बडा दशैं अगाबै सम्बन्धित बैंकहरुमा पठाइने व्यहोरा अनुरोध छ । नवीकरण गर्न बाँकी हुने लाभग्राहीहरुको हकमा सामाजिक सुरक्षा नियमावली, २०७६ (प्रथम संशोधन, २०७७) को नियम ९ र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ मा कार्तिक मसान्तसम्ममा लाभग्राही परिचयपत्र नवीकरण गरिसक्नुपर्ने व्यवस्था भए बमोजिम हुने र तोकिएको समयसीमा भित्र पनि परिचयपत्र नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ को उपदफा ६ मा उल्लेख भए अनुसार हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै नवीकरण गर्न बाँकी लाभग्राहीहरुको नामावली विवरण यसै पत्र साथ समावेश गरिएको व्यहोरा अनुरोध छ ।

............................
कल्याण प्रसाद सुवेदी
अधिकृत
अधिकृत

***बोधार्थ:***

१.सूचना प्रविधि शाखा- वेभसाइटमा सूचना अपलोड गरिदिनुहुन ।
२. सूचना अधिकारी – सूचना गरिएको सम्बन्धमा ।

सा. सु. भ. वि. कार्यविधि २०८०

(२) यस दफा बमोजिम प्राप्त निवेदनमा नियमावलीको नियम ५ बमोजिम वडा कार्यालयले छानविन गरी रितपूर्वक भएमा वडा समितिमा पेश गर्नु पर्नेछ। रितपुर्वक कागजात नपुगेको अवस्थामा सम्बन्धित व्यक्तिलाई जानकारी गराउनु पर्नेछ।

(३) नियमावलीको नियम ६ बमोजिम वडा समितिले प्रारम्भिक छानविन तथा आवश्यक जाँचबुझ गर्दा मनासिव देखिएमा सिफारिससाथ स्थानीय तहको कार्यालयमा पठाउनु पर्नेछ।

(४) स्थानीय तहले प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा व्यहोरा मनासिव देखिएमा निवेदन स्वीकृत गर्नुपर्नेछ।

(५) स्वीकृत निवेदन अनुसारको लाभग्राहीको विवरण १५ दिन भित्रमा अनिवार्य रुपमा प्रणालीमा प्रविष्ट गरी सो को जानकारी सम्बन्धित वडा कार्यालयलाई दिनुपर्नेछ।

४. <u>परिचयपत्र नवीकरणः</u> (१) सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले चालु आ.व. मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न चाहेमा नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र अनुसूची -२ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालयमा नवीकरणको लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदनमा लाभग्राही स्वयम् उपस्थित भई निवेदन गरेको भए निजको दस्तखत/सहिछाप रुजु गरी वडा समितिमा पेश गर्ने र वडा समितिबाट नवीकरण भई आए पश्चात प्रणालीमा प्रविष्टि गरी लाभग्राही परिचयपत्र नवीकरण गर्नु पर्नेछ।

(३) संरक्षक वा माथवर वा स्याहार सुसार गर्ने व्यक्ति मार्फत निवेदन पेश गरेको भए निजको सनाखत गराई वडा सचिवले निवेदन रुजु गरी रित पुगेको भए वडा समितिमा पेश गर्ने र वडा समितिबाट नवीकरण भई आए पश्चात प्रणालीमा प्रविष्टि गरी लाभग्राही परिचयपत्र नवीकरण गर्नु पर्नेछ। रित नपुगेको भए लिखित कारण सहित निवेदकलाई फिर्ता गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको निवेदन फाराम स्थानीय तहले वडा कार्यालयबाट निःशुल्क उपलव्ध गराउनु पर्नेछ।

(५) नवीकरण गरिएका लाभग्राहीको अभिलेखको सूची अनुसूची -३ बमोजिमको ढाँचामा राख्नुपर्नेछ।

(६)उपदफा (१) बमोजिमको म्यादभित्र नवीकरण नभएका लाभग्राहीको लगत कट्टा गरिनेछ। निजले पुनःलाभग्राहीमा सूचिकृत हुन चाहेमा ऐनको दफा १२ बमोजिम निवेदन दिन सक्नेछन्।

५. <u>नवीकरणको विवरण अद्यावधिक गर्नेः</u> (१) स्थानीय तहले प्रत्येक आर्थिक वर्षको लागि कार्तिक मसान्तभित्र नियमावलीको नियम ९ बमोजिम लाभग्राहीको नवीकरणको अभिलेख अनिवार्य रुपमा प्रणालीमा अद्यावधिक गर्नुपर्नेछ।